# महावु गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

गैडाबाज दैलेख
शिक्षा, युवा तथा खेलकुद शाखा
कर्णाली प्रदेश, नेपाल

पत्र संख्या – २०८०/८१
चलानि नं – ९८९

मितिः २०८०।०४।२१

सामुदायिक तथा संस्थागत विद्यालयहरु र सामुदायिक सिकाई केन्द्र सबै
महाबु गाउँपालिका दैलेख।

**विषय: विद्यालयको लेखापरिक्षण सम्बन्धमा ।**

प्रस्तुत विषयमा यस महाबु गाउँपालिका अन्तर्गत संचालनमा रहेका सामुदायिक तथा संस्थागत विद्यालयहरु र सामुदायिक सिकाई केन्द्रहरुको आर्थिक बर्ष २०७९।८० को सबै किसिमको आय व्ययको लेखापरिक्षण गर्नु पर्ने भएकाले स्थानिय सरकार संचालन ऐन २०७४, शिक्षा ऐन २०२८,र शिक्षा नियमावली २०५९ अनुसार विद्यालय ब्यबस्थापन समितिले विद्यालयको लेखापरिक्षणको लागि प्रचलित कानुन बमोजिम दर्ता भई यस महाबु गाउँपालिकामा सूचिकृत भएका लेखा परिक्षकहरु मध्येबाट कम्तिमा ३ जना लेखा परिक्षकको नाम नियूक्तिको लागि १५ दिन भित्र शिक्षा,युवा तथा खेलकुद शाखामा सिफारिस गरि पठाई तपसिल बमोजिमका कार्यहरु गर्नुहुन अनुरोध छ।

कृष्ण बहादुर वली
निमित्त प्रमुख प्रशासकिय अधिकृत

**तपसिल:**

१. विद्यालयले सामाजिक परिक्षण तथा लेखापरिक्षण गर्नु भन्दा अगाडि विद्यालयले आय ब्ययको लेखा शिक्षा नियमावली २०५९ को अनुसुची -२३ बमोजिमको ढाँचामा राख्नु पर्नेछ।
२. विद्यालयको आय ब्ययको विद्यालयको सामाजिक परिक्षण समितिबाट गराई अन्तिम लेखापरिक्षण गर्ने।
३. विद्यालयले सामाजिक परिक्षण समिति समक्ष विद्यालय समाजिक परिक्षण मापदण्ड २०७८ को अनुसूची १ बमोजिमको ढाँचामा पेश गर्नुपर्नेछ।
४. यस महाबु गाउँपालिका बाट लेखापरिक्षक नियूक्ति भई सकेको मितिले १५ दिन भित्र लेखापरिक्षण गरि विद्यालय समाजिक परिक्षण मापदण्ड २०७८ को अनुसूची २ बमोजिमको प्रतिबेदन, लेखापरिक्षण प्रतिबेदनका साथै पेश नगरेका विद्यालयले छात्रबृति भरपाई, शैक्षिक साम्रगि खरिद आदेश र दाखिला प्रतिबेदन,दिवा खाजाको बिल भरपाई यस शिक्षा, युवा तथा खेलकुद शाखामा पेश गर्नुपर्नेछ।
५. विद्यालय ब्यबस्थापन समितिले लेखापरिक्षकहरुलाई विद्यालयमा नै ल्याएर लेखापरिक्षण गराउनु पर्ने छ।

Scanned with CamScanner